# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# बिराटनगर, नेपाल ।

मितिः २०८१।१०।१० गते

श्री क्याम्पस प्रमुख /डाइरेक्टरज्यू,
B.A. in English with Honours अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पसहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८१ सालमा सञ्चालन हुने कला संकाय अन्तर्गत स्नातकतह B.A. in English with Honours शैक्षिक कार्यक्रमको **प्रथम वर्ष**को (सन् 2024 मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित** तर्फ त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई **मिति २०८१।११।१५ गतेभित्र** परीक्षा आवेदन फाराम भराई मिति **२०८१।११।१६ गतेसम्म** नियमानुसारको परीक्षा शुल्क वापतको रकम नबिल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402 मा** जम्मा गरी **मिति २०८१।११।२२ गतेभित्र** सोको सक्कलै बैंक भौचर (Customer Copy) र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । उक्त मिति सम्म परीक्षा आवेदन फाराम भर्न छुट भएका विद्यार्थीहरुलाई तपशिल बमोजिमको बिलम्ब शुल्क लिई तोकिए बमोजिमका मिति सम्म फारम भराई नियमानुसार परीक्षा शुल्क र बिलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ......... ।- यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, तपशिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिल :**

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी **Batch** छुट्टयाई परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक **Batch** को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धित कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसेकमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडि कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फारम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरुपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/ कलेजका क्याम्पस प्रमुख/ प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फारममा परीक्षार्थीले कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
९. **परीक्षा शुल्क** देहाय बमोजिम हुने छ-

| विवरण | स्नातक |
|---|---|
| १. नियमित/आंशिक प्रति बर्ष/ प्रति सेमेष्टर प्रति विद्यार्थी (२०२० समूह देखि) | रु. १२००।- / रु. १५००।- |
| २. नियमित प्रति बर्ष/ प्रति सेमेष्टर प्रति विद्यार्थी (२०१६ समूह सम्म) | रु. ७००।- / रु. ११००।- |
| ३. आंशिक १ विषय | रु. ५००।- |
| ४. आंशिक २ विषय | रु. ८००।- |
| ५. आंशिक २ भन्दा बढि विषय | रु. ११००।- |
| ६. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु. १०००।- |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु. २०००।- |
| ८. विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु. ३०००।- |
| **सम्बन्धन शुल्क (प्रति विद्यार्थी / २०२३ समुह देखि)-** | |
| B.A. in English with Honours | विश्वविद्यालयले तोके बमोजिम हुने छ। |

परीक्षा नियन्त्रक

**नोट :**
१) पू.वि. सम्बन्धन सम्बन्धी नीति, शर्त र प्रक्रिया २०८० को अनुसुची-१० को निर्णयानुसार, नयाँ अस्थायी सम्बन्धन प्राप्त गरेका क्याम्पसले पहिलो वर्ष सम्बन्धन पत्रमा उल्लेख भएको विद्यार्थी संख्या बराबर हुन आउने रकम वार्षिक सम्बन्धन शुल्क तिर्नु पर्ने छ । दोश्रो वर्ष देखि विद्यार्थी भर्ना संख्याको आधारमा वार्षिक सम्बन्धन शुल्क लिइने छ, र
२) यस विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरुले BA शैक्षिक कार्यक्रम सञ्चालन गरेको हकमा रु.१००० **(प्रति विद्यार्थी प्रति वर्ष)** भुक्तानी गर्नु पर्ने छ ।